# मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

## प्रस्तावना

मानव परिवारका सबै सदस्यहरुमा अन्तर्निहित प्रतिष्ठा र समान तथा अहरणीय अधिकारहरुको मान्यतानै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानव अधिकारहरुको अवहेलना र अनादरको परिणामस्वरुप मानवजातिको अन्तस्करणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरु भएकोले र मानवजातिले वाक तथा आस्थाको स्वतन्त्रता उपभोग गर्न पाउने तथा भय र अभावबाट मुक्ति पाउने विश्वको सिर्जना नै र्सवसाधारण जनताको घोषित सर्वोच्च आकांक्षा भएकोले,

अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर व्रिदह गर्नु नै अन्तिम उपाय ठान्न मानिस वाध्य नहुन् भन्ने ठानी कानूनी शासनद्वारा मानव अधिकारहरु संरक्षित रहनु अति आवश्यक भएकोले,

राष्ट्रहरुका बीच मैत्री सम्बन्ध बृद्धि नगर्न आवश्यक भएकोले,

संयुक्त राष्ट्र संघका जनताहरुले बडापत्रमा मौलिक अधिकारहरु, मानव व्यक्तिको मान तथा प्रतिष्ठा र महिला र पुरुषहरुको समान अधिकारहरुमा विश्वास प्रकट गरेको र उदार र स्वतन्त्र सामाजिक प्रगति एवं उत्तम जीवन स्तर पवर्द्धन गर्न संकल्प गरेकोले,

संयुक्त राष्ट्र संघको सहयोगमा सदस्य राष्ट्रहरुले आपसमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरुप्रति विश्वव्यापी सम्मान अभिवद्धि गर्ने एवं परिपालन गर्ने प्रतिज्ञा गरेकोले,

पूर्ण रुपमा यो प्रतिज्ञा पूरा गर्न यी अधिकारहरु र स्वतन्त्रताहरुको साझा समझदारी हुनु अत्यन्त महत्वको कुरा भएकोले,

अब उपरान्त महासभाले यस मानव अधिकारहरुको विश्वव्यापी घोषणा गर्दछ ।

प्रत्येक व्यक्ति र समाजको अङ्गले यस घोषणापत्रलाई निरन्तर मनमा राखी शिक्षा दीक्षाद्वारा यी अधिकारहरुप्रति सम्मान बढाउने प्रयत्न गरुन् भनी राष्ट्रिय र अन्तराष्ट्रिय प्रगतिशील उपायहरुद्वारा मानव अधिकारहरुको यो विश्व्यापी घोषणापत्रलाई सदस्यहरु र ती राष्ट्रहरुका अधिकारमा रहेका प्रदेशका जनताहरु दुबैले ती अधिकार र स्वतन्त्रताहरुको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्न प्रतिज्ञा गरुन् भनि सबै जनता र राष्ट्रको निमित्त एउटा साझा मापदण्डको रुपमा जारी गर्दछ ।

धारा -१

सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ । सबै व्यक्तिहरु विवेक, शक्ति र अन्तस्करणले युक्त भएकाले एकले अर्कोलाई भ्रातृत्वको भावनाले व्यवहार गर्नुपर्छ ।

धारा -२

प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अरु कुनै हैसियत जस्ता आधारमा भेदभाव नगरी यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको हक प्राप्त हुनेछ । यसका अतिरिक्त कुनै देश चाहे स्वतन्त्र होस वा संरक्षित, स्वशासनरहित वा परिमित

प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरुलाई राजनैतिक, क्षेत्रीय वा अन्तराष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन ।

धारा -३

प्रत्येक व्यक्तिलाई वैयक्तिक जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार हुनेछ ।

धारा -४

कसैलाई पनि दास वा बाँदा बनाइ राखिने छैन । दासत्व र दास व्यापारलाई प्रत्येक रुपमा निषेध गरिएको छ ।

धारा -५

कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिन छैन ।

धारा -६

प्रत्येक व्यक्तिलाई कानूनको दृष्टिमा जहाँसुकै व्यक्तिको रुपमा मान्यता पाउने अधिकार छ ।

धारा -७

सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र बिना भेदभाव कानूनको समान संरक्षणको हकदार हुनेछन् । सबैलाई यस घोषणाको उल्लङ्घन गरी गरिएको भेदभाव वा त्यस्तो भेदभाव गर्न गरिएको उक्साहट विरुद्ध समान संरक्षणको अधिकार छ ।

धारा -८

प्रत्येक व्यक्तिलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरुको उल्लङ्घनका कार्यहरू विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार प्राप्त गर्ने अधिकार छ ।

धारा -९

कसैलाई पनि स्वेच्छाचारी ढंगले गिरफ्तार, थुना वा देश निकाला गरिने छैन ।

धारा -१०

प्रत्येक व्यक्तिलाई निजको अधिकार र दायित्व निरोपण गर्ने र निज उपर लगाइएको फौजदारी अभियोगको स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट निष्पक्ष तथा खुला सुनुवाईको अधिकार समान रुपले प्राप्त छ ।

धारा -११

-१) दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई बचाउको सबै आवश्यक प्रत्याभूतिहरु भएको खुला अदालतले कानून अनुसार दोषी नठहराउञ्जेल निर्दोष मानिने अधिकार हुनेछ ।

-२) कुनै पनि व्यक्तिलाई उसले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तराष्ट्रिय कानून अर्न्तगत दण्डनीय कसूर मानिदैन भने त्यस्तो कामको लागि निजलाई दण्डनीय अभियोगमा दोषी ठहर्‍याइने छैन, न त कुनै पनि व्यक्तिलाई दण्डनीय कसूर गर्दाको समयमा लागू रहेको सजाय भन्दा बढी सजाय नै दिन सकिने छ ।

धारा -१२

कसैको पनि गोपनियता, परिवार, घर वा पत्र व्यवहारमा स्वेच्छाचारी तरिकाबाट हस्तक्षेप गरिने छैन, न त उसको सम्मान तथा प्रतिष्ठामा नै आघात पुर्‍याइने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आघात विरुद्ध कानूनी संरक्षणको अधिकार छ ।

## धारा -१३

-१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र जहाँसुकै आवतजावत गर्ने स्वतन्त्रता र बसोबास गर्ने अधिकार छ ।

-२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरु कुनै पनि मुलुक छोड्ने र आफ्नो देशमा फर्की आउने अधिकार हुनेछ ।

## धारा -१४

-१) प्रत्येक व्यक्तिलाई यातना र उत्पीडनबाट मुक्त हुन अरु देशमा शरण माग्ने र त्यसको उपभोग गर्ने अधिकार छ ।

-२) अराजनैतिक अपराधहरुको वास्तविक अभियोगको मुद्दामा वा संयुक्त राष्ट्र संघको उद्देश्यहरु र सिद्धान्तहरु विपरितका कार्यहरुमा यो अधिकार लागू नहुन सक्छ ।

## धारा -१५

-१) प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुनेछ ।

-२) कसैलाई पनि स्वेच्छाचारी ढङ्गले उसको राष्ट्रियताबाट बञ्चित गरिने छैन, न त उसलाई राष्ट्रियता परिवर्तन गर्ने उसको अधिकारबाट नै बञ्चित गरिने छ ।

## धारा - १६

-१) वयस्क पुरुषहरु र स्त्रीहरुलाई जाति, राष्ट्रियता वा धर्मको सीमामा नरहिकन आपसमा विवाह गर्ने र परिवार

बसाल्ने अधिकार छ । उनीहरूलाई विवाह, वैवाहिक जीवन र सम्बन्ध विच्छेदको विषयमा समान अधिकार रहने छ ।

-२) विवाह गर्न चाहने स्त्री र पुरुषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ ।

-३) परिवार समाजको स्वाभाविक र मौलिक सामूहिक एकाई हो र यसलाई समाज र राज्यबाट संरक्षण पाउने अधिकार छ ।

## धारा-१७

-१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार छ ।

-२) कसैलाई पनि जथाभावी ढंगले उसको सम्पत्तिबाट बञ्चित गरिने छैन ।

## धारा-१८

प्रत्येक व्यक्तिलाई विचार, अन्तःकरण र धार्मिक स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा धर्म वा आस्था बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रुपमा एक्लै वा सामूहिक रुपमा आफ्नो धर्म वा आस्थालाई शिक्षण, व्यवहार, पुजा र परिपालनद्धारा प्रकट गर्ने स्वतन्त्रता समेत समावेश छ ।

## धारा-१९

प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा कुनै हस्तक्षेप बिना आफ्ना मतहरु अभिव्यक्त गर्ने र कुनै पनि अवरोध र सीमाहरु बिना सञ्चार माध्यमद्धारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ ।

## धारा -२०

-१) प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण रुपमा भेला हुने तथा संघ संस्था खोल्ने अधिकार छ ।

-२) कसैलाई पनि कुनै संस्थासँग आवद्ध हुन वाध्य गराउन सकिने छैन ।

## धारा-२१

-१) प्रत्येक व्यक्तिलाई उसको देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रुपले चुनिएका प्रतिनिधिहरु मार्फ बनेको सरकारमा सहभागी हुने अधिकार छ ।

-२) प्रत्येक व्यक्तिलाई उसको देशको र्सार्वजनिक सेवामा प्रवेश र पहुँचको समान अधिकार छ ।

-३) सरकारको शासन गर्ने आधार जनताको इच्छा हुनेछ । यस्तो इच्छा आम तथा समान मतदानद्वारा समय समयमा गरिने निष्पक्ष चुनाव मार्फ अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गोप्य मतदान वा त्यस्तै प्रकारको स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ ।

## धारा-२२

समाजको सदस्यको हैसियतमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र साथै प्रत्येक व्यक्तिलाई राज्यको राष्ट्रिय प्रयत्न वा अन्तराष्ट्रिय सहयोग मार्फत तथा स्रोत र साधन अनुसार उसको प्रतिष्ठा र स्वतन्त्र व्यक्तित्व विकासको लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु उपभोग गर्ने अधिकार छ ।

## धारा-२३

-१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने र काम गर्नको लागि उचित र अनुकुल परिस्थितिको सृजना र वेरोजगारी विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार छ ।

-२) प्रत्येक व्यक्तिलाई बिना भेदभाव समान कार्यको लागि समान पारिश्रमिक पाउने अधिकार छ ।

-३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय प्रतिष्ठा अनुरुप जीविकाको वन्दोबस्तको लागि उचित र अनुकुल पारिश्रमिक पाउने र आवश्यक भए सामाजिक संरक्षणद्वारा तथा अन्य उपायहरुद्वारा त्यसमा भरथेगको अधिकार हुनेछ ।

-४) प्रत्येक व्यक्तिलाई उसको हित संरक्षणको लागि ट्रेडयुनियन खोल्ने र त्यसमा सम्मिलित हुने अधिकार छ ।

## धारा-२४

प्रत्येक व्यक्तिलाई मुनासिव कार्य समय सीमा र वेतन सहितको आवधिक विदा सहित विश्राम र फुर्सतको अधिकार छ ।

## धारा २५

-१) प्रत्येक व्यक्तिलाई उसको र उसको परिवारको स्वास्थ्य र कल्याणको लागि खाना, कपडा, घर तथा औषधोपचारका सुविधाहरु र आवश्यक्ता अनुसारको सामाजिक सेवाहरु सहित स्तरयुक्त जीवन यापन गर्ने अधिकार छ र साथै बेरोजगारी, बिरामी, असमर्थता, विधवा, वूढेसकाल वा निजको नियन्त्रण बाहिरका अन्य परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ ।

-२) आमा र शिशुहरुलाई विशेष हेरचाह र सहायता प्राप्त गर्ने अधिकार छ । वैवाहिक सम्बन्ध भई वा नभई जन्मेका

सबै बालबालिकालाई समान सामाजिक संरक्षण उपभोग गर्ने अधिकार हुनेछ ।

## धारा २६

-१) प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ । कमसेकम प्रारम्भिक र आधारभूत शिक्षा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यवसायिक शिक्षा सबै सुलभ हुनेछ र उच्च शिक्षामा योग्यताको आधारमा सबैको समान पहुँच हुनेछ ।

-२) शिक्षा मानव व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानको सुदृढिकरणतर्फनिर्देशित हुनेछ । यसले सबै राष्ट्र, जाति र धार्मिक समूहहरुबीच समझदारी, सहिष्णुता र मित्रताको प्रवर्द्धन गर्नेछ र संयुक्त राष्ट्र संघको शान्ति कायम गर्ने प्रयत्नहरुलाई अघि बढाउने छ ।

-३) आफ्ना सन्ततिलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा बाबुलाई हुनेछ ।

## धारा २७

-१) प्रत्येक व्यक्तिलाई समुदायको साँस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक भाग लिने, कलाहरुको आनन्द लिने तथा वैज्ञानिक प्रगति र यसको फाइदाहरूको बाँडफाँड गर्ने अधिकार छ ।

-२) प्रत्येक व्यक्तिलाई उसले रचना वा सिर्जना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिको परिणामबाट प्राप्त नैतिक र भौतिक लाभहरुको संरक्षण गर्ने अधिकार छ ।

## धारा २८

प्रत्येक व्यक्तिलाई यस्तो सामाजिक र अन्तराष्ट्रिय व्यवस्थाको अधिकार छ जसमा यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरु पूर्ण रुपले प्राप्त गर्न सकियोस ।

धारा २९

-१) प्रत्येक व्यक्तिको समूदाय प्रति कर्तव्यहरु छन् र त्यस्तो समाजमा बसेर मात्र उसको स्वतन्त्र र पूर्ण व्यक्तित्व विकासको संभावना छ ।

-२) आफ्नो अधिकार र स्वतन्त्रताको अभ्यास गर्दा प्रत्येक व्यक्तिले अरुको अधिकार र स्वतन्त्रताको आदर गर्नु पर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, र्सार्वजनिक व्यवस्था, र्सवसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरु हासिल गर्ने उद्देश्यले कानूनद्वारा निर्धारित सीमा भित्र रहनु पर्ने छ ।

-३) यी अधिकार र स्वतन्त्रताहरु संयुक्त राष्ट्र संघको सिद्धान्त र उद्देश्य विपरीत हुने गरी कुनै पनि हालतमा उपभोग गर्न सकिने छैन ।

धारा ३०

कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यसमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरुलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको गतिविधिमा संलग्न हुन पाउने गरी यस घोषणाको व्याख्या गर्न सकिने छैन ।